**नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. कम्पनी को निजीकरण सम्बन्धी सम्झौताका शर्तहरु तथा संक्षिप्त विवरण निजीकरण ऐन, २०५० को दफा ११(४) को प्रयोजनको लागि प्रकाशित गरिएको छ।**

## क. नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. कम्पनी को संक्षिप्त विवरण

वन जंगलवाट खोटो संकलन गरी वार्षिक २८०० मे.ट. रोजिन र ६,२५,००० लिटर टर्पेण्टाइन उत्पादन गर्ने क्षमता रहेको नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. कम्पनी ऐन अन्तर्गत स्थापना भएको उद्योग हो। यस कम्पनीको उत्पादन स्थल कैलालीको अत्तरीया र सुनसरीको तरहरामा रहेका छ। तत्तकालीन रुसी सरकारको बित्तीय एवं प्राबिधिक सहयोगमा स्थापना भएको यस कम्पनीले उपभोग गरेको कैलाली अत्तरीयाको ८.८८ विगाह र सुनसरी तरहराको ३ विगाह जमिन श्री ५ को सरकारको नाममा रहेको छ।

श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको यस कम्पनिको आर्थिक एवं वित्तीय अवस्था सन्तोषजनक नभएको र यस क्षेत्रमा निजीक्षेत्रको समेत उल्लेख्य सहभागिता भएको हुँदा यस कम्पनीलाई श्री ५ को सरकार (मं.प.) को मिति २०६०।३।१९ को निर्णयवाट निजीकरण गर्न सैद्धान्तिक सहमति प्राप्त भै सोही मितिमा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

श्री ५ को सरकार (मं.प.) बाट मिति २०६०।११।११ मा निजीकरण समितिको सिफारीश अनुसार कम्पनीले उपभोग गरिरहेको जग्गा र भवनहरु १० (दश) वर्षको लागि भाडामा दिने तथा कम्पनीको व्यवसाय सहित मेशिन लगायत चल सम्पत्ती बिक्री गरी निजीकरण गर्ने र कम्पनीमा कार्यरत कामदार/कर्मचारीहरुलाई निजीकरण ऐन, २०५० को दफा १४ को उपदफा (२) अनुसार २०६० चैत्र १ गते देखि अवकाश दिने भनि निर्णय भए अनुसार कर्मचारीलाई अबकास दिई कम्पनीको निजीकरण प्रकृया अगाडि बढाईएको।

## ख. निजीकरण प्रकृया :

श्री ५ को सरकारले अवलम्बन गरेको निजीकरण कार्यक्रम अनुसार श्री ५ को सरकार (मं. प.) बाट पूर्ब निर्णयानुसार शूरु गरिएको निजीकरण प्रकृया बमोजिम प्राप्त प्रस्ताबहरु आकर्षक नदेखिएकोले रद्ध गरि पुन मिति २०६२।५।२९ मा नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.को मेशिन लगायत सबै चल सम्पत्तिहरु ( कच्चा खोटो र स्टोर स्पेयरसहित) बिक्री गर्ने तथा जग्गा र भवन १० बर्षको लागि भाडामा दिई निजीकरण गर्ने निर्णय भए अनुसार मिति २०६२।६।१९ मा प्रस्ताव आव्हान गरिएकोमा निम्नानुसार ७ (सात) वटा प्रस्ताव प्राप्त भएको:

१. श्री ग्रिन हर्वल ई. (प्रा.) लि.
२. श्री लक्ष्मी रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि.
३. श्री गणपति रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि.
४. श्री दिव्या पश्मिना उद्योग
५. श्री जय बागेश्वरी आयल स्टोर
६. श्री नवजीवन सहकारी लि.
७. श्री विराट हर्व्स् रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि.

उपरोक्तानुसार प्राप्त हुन आएका प्रस्तावहरु मध्ये प्राप्त प्राविधिक प्रस्ताव खोली प्राविधिक रुपमा सक्षम लगानीकर्ताहरुको पूर्व योग्यता **(Pre-qualification)** सूची तयार पार्ने र यसरी पूर्व योग्यतामा (**Pre-qualified)** परेका लगानीकर्ताहरुको मात्र वित्तीय प्रस्ताव खोली मूल्याङ्कन गर्ने प्रावधान राखिएको थियो । प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्न बन तथा भूसंरक्षण मन्त्रालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखाका प्रमुख, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव (कानून विज्ञ), चार्टर्ड एकाउण्टेण्ट र कम्पनीका महाप्रबन्धक समावेश भएको समितिको गठन गरिएको थियो भने वित्तीय प्रस्ताव मूल्याङ्कन गर्न अर्थ मन्त्रालयको सचिवको संयोजकत्वमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव, श्रम तथा यातयात व्यवस्था मन्त्रालयका सचिव तथा बन तथा भूसंरक्षण मन्त्रालयका सचिव समावेश भएको समिति गठन गरिएको थियो ।

यसरी प्राप्त ७ वटा प्रस्तावकका प्राविधिक प्रस्तावहरु प्राबिधिक प्रस्ताब मूल्यांकन समितिबाट मूल्याकंन भई उक्त समितिबाट प्राप्त मूल्यांकन प्रतिबेदनमा छलफल गरि निजीकरण समितिको मिति २०६२।१०। २७ बैठकबाट श्री **जय बागेश्वरी आयल स्टोर र श्री विराट हर्व्स् रोजिन एण्ड टर्पेन्टाइन ई.( प्रा.) लि.** का प्राविधिक प्रस्ताव **Non-Responsive** भएको र बांकी ५ वटा प्रस्ताबकका प्रस्ताबहरु प्राविधिक रुपमा योग्य **(Technically- Qualified)** देखिएकोले बित्तीय प्रस्ताब मूल्याकंन गर्ने भनि निर्णय भएको । बित्तीय प्रस्ताब मूल्यांकन समितिबाट प्राविधिक रुपमा योग्य भएका प्रस्तावकहरुको बित्तीय प्रस्ताब मूल्याकंन गर्ने क्रममा **श्री गणपति रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि.** को वित्तीय प्रस्ताव बिभिन्न थप प्रावधानहरु राखेको कारण **Non-Responsive** भएकोले बांकि देहायका चार प्रस्तावकहरुको मात्र वित्तीय प्रस्ताव मूल्यांकन गरिएको :

**१. श्री ग्रिन हर्वल ई. (प्रा.) लि.**
**२. श्री लक्ष्मी रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि.**
**३. श्री दिव्या पश्मिना उद्योग**
**४. श्री नवजीवन सहकारी लि.**

प्रस्तावकहरुले प्रस्तुत गरेको १० बर्षको भाडा रकमलाई **Information Memorendum and Bid Documents** मा उल्लेख गरिएको प्रावधान अनुसार वर्तमान मूल्यमा ल्याई मूल्यांकन गर्दा निम्नानुसार देखिएको :

| सि.न. | प्रस्तावकको नाम | सम्पत्ति खरिद मूल्य रु | १० बर्षको भाडा रकम वर्तमान मूल्यमा गणना गर्दा हुने रु | जम्मा रु |
|---|---|---|---|---|
| १. | श्री ग्रिन हर्वल ई. (प्रा.) लि. | ८,०८,१८,४५३।१२ | १३,२७,४१७।६० | ८,२१,४५,८७०।७२ |
| २. | श्री लक्ष्मी रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि. . | ६,११,९६,३०४।०० | ९,९५,५६३।२० | ६,२१,९१,८६७।२० |
| ३ | श्री दिव्या पश्मिना उद्योग | ११,०१,००,०००।०० | १,९९,९०,९०९।०६ | १३,००,९०,९०९।०६ |
| ४ | श्री नवजीवन सहकारी लि. | ६,४३,४८,५६१।०० | ७०,०२,१२७।८४ | ७,१३,५०,६८८।८४ |

(साथै बित्तीय प्रस्ताब मूल्यांकनमा **Non-Responsive** पाईएको श्री गणपति रोजिन एण्ड टर्पेन्टाइन ई.(प्रा.) लि. सम्पत्ति खरिद मूल्य रु ५,१५,५४,०००। र १० बर्षको भाडा वर्तमान मूल्यमा रु ८३,५१,४४७।८३ गरि जम्मा रु ५,९९,०५,४४७।८३ प्रस्ताब गरेको देखिन्छ ।)

प्रस्तावक **श्री दिव्या पशिमना उद्योग** ले प्रस्ताव गरेको बिक्रीको लागि राखिएको सम्पतिको लागि खरिद मूल्य रु ११,०१,००,०००। (रु एधार करोड एक लाख) जग्गा र भवनको १० बर्षको लागि भाडा रकम प्रति बर्ष रु ३०,१२,०००। (रु तीस लाख बाह्र हजार) समेत गरि बर्तमान मूल्यमा **(Present Value)** मा हुन आउने जम्मा रकम रु १३,००,९०,९०९।०६ (रु तेह्र करोड नब्बे हजार नौ सय नौ छ पैसा) सबै भन्दा बढी एवं आकर्षक देखिएकोले निज प्रस्ताबकलाई **Preferred Bidder** तोकि सम्पत्ति बिक्री तथा भाडामा दिन निजीकरण समितिबाट श्री ५ को सरकार (मं.प.) मा सिफारिस गरेकोमा श्री ५ को सरकार (मं.प.) बाट मिति २०६२। १२ । १५ मा स्वीकृति प्राप्त भएकोमा हालको बद्लिएको परिस्थितिमा पुन प्रस्ताब पेश हुदा श्री ५ को सरकार (म.प.) बाट मिति २०६३।१।२७ मा निर्णय भएको । श्री दिब्य पशिमना उद्योगले मिति २०६२।११।२५ खरिद मूल्यको १० प्रतिशत रकम रु १,१०,१०,०००। र मिति २०६३।१।६ मा ९० प्रतिशतले हुने रकम रु ९,९०,९०,०००। बुझाएको । यसरी खरिदकर्त्ताबाट **Information Memorandum and Bid Documents** अनुसार बुझाउनु पर्ने सबै रकम श्री ५ को सरकारलाई बुझाई सकेको हुदा आज मिति २०६३।१।२९ का दिन खरिद बिक्री तथा भाडा संम्झौतामा हस्ताक्षर भएको ।

## ग. सम्पत्ति बिकी र भाडामा दिने सम्बन्धी भुक्तानीका शर्तहरु

१. प्रस्तावकले भुक्तानि गर्न कबोल गरेको कारखानाको मेशिनलगायत सम्पत्ति खरिद मूल्य रु. ११,०१,००,०००।०० सम्झौता अगाबै भुक्तानी गर्नु पर्ने शर्त अनुसार सो रकम मिति २०६२।११।२५ र २०६३।१।६ मा श्री ५ को सरकारलाई भुक्तानी गरेको छ ।

२. प्रस्ताबकले कबोल गरेको कारखानाको जग्गा र भवनको प्रति बर्षको भाडा रकम रु ३०,१२,०००।- अग्रिम रुपमा बुझाउनु पर्ने शर्त अनुरुप प्रथम बर्षको भाडा वापतको रकम मिति २०६३।१।६ मा श्री ५ को सरकारलाई बुझाएको ।

## घ. सम्झौताका अन्य शर्तहरु

१) सम्झौता भएको मितिले ६० दिनभित्र समापन सम्पन्न गरिने व्यवस्था गरिएको ।

२) सम्पत्ति खरीदकर्ताले कम्पनीका सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अबस्थामा बुझ्नु पर्ने प्रावधान रहेको ।

३) हस्तान्तरण गर्दा फरक परेको सम्पत्तिको मूल्याङ्कन श्री ५ को सरकारद्वारा नियुक्त स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराई प्रतिवेदन प्रांप्त भएको १ महिनाभित्र हिसाव राफसाफ गर्ने प्रावधान रहेको ।

४) पट्टा सम्झौतामा पट्टामा दिनेवालाको लिखित पूर्व स्वीकृति विना पट्टामा लिनेवालाले भवन तथा जग्गाको प्रयोग **Permittd Use** बाहेक अन्य कुनै प्रयोजनको निमित्त प्रयोग गर्न नपाउने ब्यबस्था रहेको ।

५) पट्टा सम्झौताको अवधि समाप्ती पछि दुवै पक्षहरुको आपसी सहमतिले अर्को अवधिका लागि नवीकरण गर्न सकिने प्रावधान राखिएको ।

६) भाडामा लिएको भवन र जग्गाको मर्मत सम्भार तथा सेवा वापत तिर्नुपर्ने रकमहरु भाडामा लिनेले व्यहोर्ने व्यवस्था गरिएको ।

७) भाडामा लिएको भवन एवं जग्गाको अवस्थाको बारेमा भाडामा लिने पक्षले श्री ५ को सरकारलाई वार्षिकरुपमा प्रतिवेदनमार्फत् जानकारी गराउनुपर्ने र श्री ५ को सरकारका प्रतिनिधिले कारखानाको प्रगति, भाडामा दिइएको सम्पत्तिको अवस्थाको बारेमा निरीक्षण गर्न सक्ने व्यवस्था गरिएको ।

८) कारखाना हस्तान्तरण गर्नुभन्दा अगाडिको कर्मचारी लगायत्को सम्पूर्ण दायित्व श्री ५ को सरकारले व्यहोरेको ।

आज मिति २०६३।१।२९ गते तदनुसार १२ मे २००६, का दिन कम्पनीको सम्पत्ति खरीद बिक्री सम्झौता र जग्गा एवं भवन भाडामा दिने सम्झौताहरुमा अर्थ मन्त्रालयमा हस्ताक्षर गरियो । यी सम्झौताहरुमा श्री ५ को सरकारको तर्फबाट अर्थ मन्त्रालयका सचिव डा. भोजराज घिमिरे र बन तथा भूसंरक्षण मन्त्रालयका सचिव डा. स्वयम्भू मान अमात्य र श्री दिब्य पशिमना उद्योगका तर्फबाट संचालक श्री नरेन्द्र राज गिरीले हस्ताक्षर गर्नु भएको थियो ।

यस कम्पनीको निजीकरण प्रक्रियामा समावेश भएका सवै बोलपत्रदाताहरु, कम्पनीका कामदार/कर्मचारी लगायत संलग्न निकाय एवं व्यक्तिहरु प्रति श्री ५ को सरकार आभार व्यक्त गर्दछ । बन्द रहेको यस कारखाना शिध्र संचालन भई त्यस क्षेत्रको आर्थिक विकासमा उल्लेखनिय योगदान पुग्ने कुरामा श्री ५ को सरकार आशावादी रहेको छ ।

श्री ५ को सरकार
अर्थ मन्त्रालय
निजीकरण इकाई, सिंहदरवार
२०६३।१। २९ ( १२ मे २००६)